कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य सेवा कार्यालय

दैलेख, नेपाल

कार्यालय प्रमुखको फोन नं. ०८९–४१०११७/९८५८०२८११७
कर्मचारी प्रशासन: ०८९–४१०१२७
स्टोर शाखा: ०८९–४१०१५७
लेखा शाखा: ०८९–४१०११५
ईमेल ठेगाना: hsodailekh@gmail.com

## सिलबन्दी कोटेशन माग सम्बन्धी सूचना ।

दोस्रो पटक प्रकाशित मिति २०७८।११।१५ गते ।

प्रस्तुत विषयमा दैलेख जिल्ला अस्पतालको हाता भित्र रहेको फार्मेसी सेवा सञ्चालनका लागि आवश्यक पर्ने औषधी तथा औषधी जन्य सामाग्रीहरु आपूर्ति गर्न सिलबन्दी कोटेशन प्रस्ताव पेश गर्नको लागि इच्छुक कम्पनी/फर्म/सप्लायर्सहरुले अध्यावधिक नविकरण भएको फर्मको ईजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर दर्ता भएको प्रमाण पत्र, आ.ब. ०७७।०७८ सम्मको कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि सहित मिति २०७८ फाल्गुण २२ गते (कार्यालय समय) भित्र यस कार्यालयबाट तोकिएको स्पेशिफिकेशन अनुसार दररेट सहित यस कार्यालयमा सिलबन्दी कोटेशन पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो कोटेशन मागको सूचना प्रकाशित गरिएको छ । यस कार्यालयबाट माग भए बमोजिमको प्रत्येक औषधी तथा औषधी जन्य सामाग्रीहरुको **MRP** मा कम्तीमा २० प्रतिशत भन्दा माथि घटेको हुनु पर्नेछ। यस कार्यालयबाट माग भए बमोजिम सामानहरुको दररेट पेश हुन आएमा आईटमवाईज मूल्याङ्कन गरी कम दररेट कबोल गर्ने आपूर्तिकर्ताहरुसँग यस कार्यालयले नियमानुसार कार्यसम्पादन जमानत पत्र लिई एक वर्ष सम्मको लागि सम्झौता गरी सामान आपूर्तिको व्यवस्था गरिनेछ । सम्झौता भई सके पछि यस कार्यालयको फार्मेसी शाखामा आवश्यकता अनुसारको औषधीहरुको कबुल गरेको तथा स्वीकृत भएको दररेट अनुसारको माग अनुसारको परिमाण नियमित रुपमा सप्लाई गर्नु पर्ने छ। आवश्यक कागजात पेश नगरेको र म्याद नाघि आएका निवेदन उपर कुनै पनि कारबाही गरिनेछैन । साथै फर्म आंशिक वा पुरा स्वीकृत वा अस्वीकृत र रद्द गर्ने अधिकार यस कार्यालयमा रहने छ। कोटेशन पेश गर्ने औषधी तथा औषधी जन्य सामाग्रीहरुको लिष्ट यस कार्यालयको **Website: http://hsodailekh.gov.np/** बाट डाउनलोड गर्न सकिनेछ। यस सम्बन्धी थप आबश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र फोन नं. ९८५८०४५१२७/९८४८०७८६०९ सर्म्पक गर्न सकिने छ।

नि.स्वास्थ्य सेवा व्यवस्थापक
स्वास्थ्य सेवा कार्यालय, दैलेख